नेपाल विद्युत प्राधिकरण

प्रधान कार्यालय, कालीमाटी

आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि आवेदन फाराम भर्ने सूचना

(प्रकाशित मितिः २०८३।०७।२०)

नेपाल विद्युत प्राधिकरणका देहायका पदहरु लोक सेवा आयोगबाट लिईने आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले आवेदन दिने अन्तिम मितिसम्ममा आवेदन दिने पद भन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा/समूह/उपसमूह अन्तर्गतका पदमा कर्मचारी सेवा, शर्त विनियमावली २०७५ (संशोधन सहित) मा तोकिए अनुसारको सेवा अवधि पुरा गरेका र न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र नेपाल विद्युत प्राधिकरणको मानव संशाधन सूचना प्रणाली **hris.nea.org.np** मा Log In गरी बढुवा आवेदनमा गई Online Application मार्फत प्राप्त हुने गरी रितपूर्वकको दरखास्त आव्हान गरिन्छ। रित नपुगी प्राप्त भएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

बढुवा सूचना नं. २०८३/८४	पद	तह	सेवा	समूह	उपसमूह	पद संख्या
प्रा.१०/आ.प्र.८८	प्रबन्धक	१०	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	१
प्रा.१०/आ.प्र.८९	प्रबन्धक	१०	प्राविधिक	सिभिल	सिभिल	१
प्रा.१०/आ.प्र.९०	प्रबन्धक	१०	प्राविधिक	विविध	-	१
प्र.९/आ.प्र.९१	उप निर्देशक	९	प्रशासन	लेखा	लेखा	१
प्रा.९/आ.प्र.९२	उप-प्रबन्धक	९	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	१
प्र.८/आ.प्र.९३	सहायक निर्देशक	८	प्रशासन	प्रशासन	प्रशासन	१
प्र.८/आ.प्र.९४	सहायक निर्देशक	८	प्रशासन	प्रशासन	कानून	१
प्र.८/आ.प्र.९५	सहायक निर्देशक	८	प्रशासन	लेखा	लेखा	१
प्र.८/आ.प्र.९६	सहायक निर्देशक	८	प्रशासन	विविध	तथ्यकङ्कशास्त्र	१
प्रा.८/आ.प्र.९७	सहायक प्रबन्धक	८	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	३
प्रा.८/आ.प्र.९८	सहायक प्रबन्धक	८	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रोनिक्स	१
प्रा.८/आ.प्र.९९	सहायक प्रबन्धक	८	प्राविधिक	सिभिल	सिभिल	२
प्रा.८/आ.प्र.१००	सहायक प्रबन्धक	८	प्राविधिक	विविध	वातावरण	१
प्र.७/आ.प्र.१०१	प्रशासकीय अधिकृत	७	प्रशासन	प्रशासन	प्रशासन	१
प्र.७/आ.प्र.१०२	कम्प्यूटर अधिकृत	७	प्रशासन	प्रशासन	कम्प्यूटर अप्रेसन	१
प्र.७/आ.प्र.१०३	लेखा अधिकृत	७	प्रशासन	लेखा	लेखा	१
प्रा.७/आ.प्र.१०४	इञ्जिनियर	७	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	६
प्रा.७/आ.प्र.१०५	इञ्जिनियर	७	प्राविधिक	सिभिल	सर्भे	१
प्र.६/आ.प्र.१०६	सहायक प्रशासकीय अधिकृत	६	प्रशासन	प्रशासन	प्रशासन	३
प्र.६/आ.प्र.१०७	सहायक लेखा अधिकृत	६	प्रशासन	लेखा	लेखा	६
प्रा.६/आ.प्र.१०८	सहायक इञ्जिनियर	६	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	४
प्रा.६/आ.प्र.१०९	सहायक इञ्जिनियर	६	प्राविधिक	मेकानिकल	-	१
प्रा.६/आ.प्र.११०	सहायक इञ्जिनियर	६	प्राविधिक	सिभिल	सिभिल	१
प्र.५/आ.प्र.१११	मिटररिडिङ्ग सुपरभाईजर	५	प्रशासन	प्रशासन	प्रशासन	५
प्र.५/आ.प्र.११२	लेखापाल	५	प्रशासन	लेखा	लेखा	६
प्रा.५/आ.प्र.११३	सुपरभाईजर	५	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	१५
प्रा.५/आ.प्र.११४	सिनियर हेभी इक्विपमेन्ट अपरेटर	५	प्राविधिक	विविध	सवारी चालक	१

बढुवा सूचना नं. २०८३/८४	पद	तह	सेवा	समूह	उपसमूह	पद संख्या
प्र.४/आ.प्र.११५	सिनियर मिटररिडर	४	प्रशासन	प्रशासन	प्रशासन	१७
प्रा.४/आ.प्र.११६	फोरमेन	४	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	७२
प्रा.४/आ.प्र.११७	फोरमेन	४	प्राविधिक	मेकानिकल	-	४
प्रा.४/आ.प्र.११८	फोरमेन	४	प्राविधिक	सिभिल	सिभिल	१
प्रा.४/आ.प्र.११९	फोरमेन	४	प्राविधिक	विविध	ड्राइभर	३
प्र.३/आ.प्र.१२०	मिटररिडर	३	प्रशासन	प्रशासन	प्रशासन	७
प्रा.३/आ.प्र.१२१	इलेक्ट्रिसियन	३	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	१६५

१. उपर्युक्त सूचनाको विस्तृत बिवरण नेपाल विद्युत प्राधिकरणको वेवसाइट **www.nea.org.np** मा हेर्न सकिनेछ। विद्युतीय प्रणालीमार्फत दरखास्त बुझाउने प्रक्रिया नेपाल विद्युत प्राधिकरणको मानव संशाधन सूचना प्रणाली **hris.nea.org.np** मा Log In गरे पश्चात् प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिनेछ।

२. परीक्षा दस्तुर :- तह ३ को लागि रु: ६००।-, तह ४ को लागि रु. ७००।-, तह ५ को लागि रु. ८००।-, तह ६ को लागि रु. १०००।-, तह ७ को लागि रु. १२००।-, तह ८ को लागि रु. १४००।-, तह ९ को लागि रु. १६००।, तह १० को लागि रू. २०००।- लाग्नेछ। दरखास्त फाराम भरिसकेपछि **www.nea.org.np** मा उपलब्ध Payment Platform बाट उल्लेखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

३. आन्तरिक प्रतियोगिताको आवेदन गर्दा समूह, उपसमूह परिवर्तन हुने भएमा जुन पदमा आवेदन गर्ने हो, सो पदमा खुला प्रतियोगिताको लागि तोकिएको शैक्षिक योग्यता आवश्यक पर्नेछ।

४. आन्तरिक प्रतियोगिताको पाठ्यक्रम प्राधिकरणको वेवसाइट www.nea.org.np मा उपलब्ध रहेका छन्।

५. आन्तरिक प्रतियोगिताको लिखित परीक्षा सम्बन्धी कार्यक्रम लोक सेवा आयोगसंग समन्वय गरी पछि प्रकाशन गरिनेछ।

६. सूचना प्रकाशन भएको मितिले २१औं दिन (२०८३।०८।१० गते) रातको १२:०० बजेसम्म दरखास्त पेश गर्न सकिनेछ।

७. अनलाइन प्रणालीबाट दरखास्त दस्तुर बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा दरखास्त दस्तुर सहित दरखास्त पेश गरि सक्नुपर्नेछ।

८. विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि प्राप्त गरेका कर्मचारीहरुको हकमा सम्बन्धित निकायबाट व्यक्तिगत रूपमा जारी गरिएको समकक्षताको प्रमाणपत्र वा सो प्रमाणपत्र प्राप्तिका लागि प्रक्रिया अघि बढाएको प्रमाण पेश गर्नुपर्नेछ।

९. स्वदेशी शिक्षण संस्थाबाट प्राप्त शैक्षिक उपाधिको विषय सम्बन्धित पदका लागि तोकिएको योग्यतासँग सम्बन्धित भएको कुरा प्रमाणपत्रबाट स्पष्ट नखुलेमा सम्बन्धित निकायबाट जारी भएको सम्बन्धता पत्रको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

१०. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक सबै कागजातहरु स्पष्ट, द्विविधा रहित र छानविन गर्न सकिने हुनु पर्नेछ। HRIS मा भएका शैक्षिक उपाधि बाहेक थप शैक्षिक उपाधिहरु प्राप्त गरेको भएमा hris@nea.org.np मा ईमेल गरी केन्द्रीय कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

११. थप जानकारीको लागि फोन नं. ०१-४१५३०४८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

०८३।६।१९

सदस्य सचिव
पदपूर्ति समिति

नेपाल विद्युत प्राधिकरण

प्रधान कार्यालय, दरबारमार्ग

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

(प्रकाशित मितिः २०८३।०७।२०)

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधन सहित) मा उल्लेखित व्यवस्थाका आधारमा प्राधिकरणमा रिक्त देहायका पदहरु जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा गरी पूर्ति गर्नुपर्ने भएकोले आवेदन दिने अन्तिम मितिसम्ममा बढुवा हुने पद भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा तोकिएको सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र नेपाल विद्युत प्राधिकरणको मानव संशाधन सूचना प्रणाली **hris.nea.org.np** मा Log In गरी बढुवा आवेदनमा गई Online Application मार्फत प्राप्त हुने गरी रितपूर्वकको दरखास्त आव्हान गरिन्छ। रित नपुगी प्राप्त भएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

(क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा

बढुवा सूचना नं. २०८३/८४	पद	तह	सेवा	समूह	उपसमूह	पद संख्या
प्र.१२/जे.ब.१	उपकार्यकारी निर्देशक	१२	प्रशासन	-	-	१
प्रा.१२/जे.ब.२	उपकार्यकारी निर्देशक	१२	प्राविधिक	-	-	१
प्रा.११/जे.ब.६	निर्देशक	११	प्राविधिक	-	-	३
प्र.१०/जे.ब.८	सह निर्देशक	१०	प्रशासन	प्रशासन	प्रशासन	१
प्र.१०/जे.ब.११	सह निर्देशक	१०	प्रशासन	लेखा		१
प्रा.१०/जे.ब.१३	प्रबन्धक	१०	प्राविधिक	ईलेक्ट्रिकल	-	१
प्रा.१०/जे.ब.१५	प्रबन्धक	१०	प्राविधिक	मेकानिकल	-	१
प्रा.१०/जे.ब.१७	प्रबन्धक	१०	प्राविधिक	सिभिल	-	१
प्रा.१०/जे.ब.२०	प्रबन्धक	१०	प्राविधिक	विविध	-	१
प्र.९/जे.ब.२१	उप-निर्देशक	९	प्रशासन	प्रशासन	प्रशासन	१
प्र.९/जे.ब.२२	उप-निर्देशक	९	प्रशासन	लेखा	लेखा	३
प्र.९/जे.ब.२४	उप-निर्देशक	९	प्रशासन	विविध	अर्थशास्त्र	१
प्रा.९/जे.ब.२५	उप-प्रबन्धक	९	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	६
प्रा.९/जे.ब.२७	उप-प्रबन्धक	९	प्राविधिक	सिभिल	सिभिल	२
प्र.८/जे.ब.२८	सहायक निर्देशक	८	प्रशासन	लेखा	लेखा	२
प्र.८/जे.ब.३०	बरिष्ठ चार्टर्ड एकाउन्टेन्ट	८	प्रशासन	लेखा	चार्टर्ड एकान्टेन्सी	१
प्रा.८/जे.ब.३३	सहायक प्रबन्धक	८	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	६
प्रा.८/जे.ब.३५	सहायक प्रबन्धक	८	प्राविधिक	सिभिल	सिभिल	३
प्रा.८/जे.ब.३७	सहायक प्रबन्धक	८	प्राविधिक	कम्प्यूटर इञ्जिनियरिङ्ग	-	१
प्र.७/जे.ब.३९	प्रशासकीय अधिकृत	७	प्रशासन	प्रशासन	प्रशासन	१
प्र.७/जे.ब.४०	कम्प्यूटर अधिकृत	७	प्रशासन	प्रशासन	कम्प्युटर अप्रेसन	२
प्र.७/जे.ब.४२	लेखा अधिकृत	७	प्रशासन	लेखा	लेखा	१
प्रा.७/जे.ब.४४	इञ्जिनियर	७	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	५
प्रा.७/जे.ब.४६	इञ्जिनियर	७	प्राविधिक	सिभिल	सिभिल	१

बढुवा सूचना नं. २०८३/८४	पद	तह	सेवा	समूह	उपसमूह	पद संख्या
प्र.६/जे.ब.४८	सहायक प्रशासकीय अधिकृत	६	प्रशासन	प्रशासन	प्रशासन	८
प्र.६/जे.ब.५०	सहायक लेखा अधिकृत	६	प्रशासन	लेखा	लेखा	१३
प्रा.६/जे.ब.५२	सहायक इञ्जिनियर	६	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	१०
प्रा.६/जे.ब.५४	सहायक इञ्जिनियर	६	प्राविधिक	मेकानिकल	-	३
प्रा.६/जे.ब.५६	सहायक इञ्जिनियर	६	प्राविधिक	सिभिल	सिभिल	२
प्र.५/जे.ब.५८	मिटररिडिङ्ग सुपरभाईजर	५	प्रशासन	प्रशासन	प्रशासन	१०
प्र.५/जे.ब.६०	लेखापाल	५	प्रशासन	लेखा	लेखा	११
प्रा.५/जे.ब.६२	सुपरभाइजर	५	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	३०
प्रा.५/जे.ब.६४	सुपरभाइजर	५	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रोनिक्स	१
प्रा.५/जे.ब.६५	सुपरभाइजर	५	प्राविधिक	मेकानिकल	-	२
प्रा.५/जे.ब.६७	सुपरभाइजर	५	प्राविधिक	सिभिल	सिभिल	१
प्रा.५/जे.ब.६८	सिनियर हेभी इक्विपमेन्ट अपरेटर	५	प्राविधिक	विविध	सवारी चालक	२
प्र.४/जे.ब.७०	सिनियर मिटररिडर	४	प्रशासन	प्रशासन	प्रशासन	२३
प्र.४/जे.ब.७२	सहायक लेखापाल	४	प्रशासन	लेखा	लेखा	१
प्रा.४/जे.ब.७४	फोरमेन	४	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	९६
प्रा.४/जे.ब.७६	फोरमेन	४	प्राविधिक	मेकानिकल	-	५
प्रा.४/जे.ब.७८	फोरमेन	४	प्राविधिक	सिभिल	सिभिल	२
प्रा.४/जे.ब.८०	फोरमेन ड्राईभर	४	प्राविधिक	विविध	सवारी चालक	४
प्र.३/जे.ब.८२	मिटररिडर	३	प्रशासन	प्रशासन	प्रशासन	६
प्रा.३/जे.ब.८४	इलेक्ट्रिसियन	३	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	१२४
प्र.२/जे.ब.८६	कार्यालय सहयोगी-२	२	प्रशासन	प्रशासन	प्रशासन	१४
प्रा.२/जे.ब.८७	हेल्पर	२	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	३५

(ख) कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा

बढुवा सूचना नं. २०८३/८४	पद	तह	सेवा	समूह	उपसमूह	पद संख्या
प्रा.१२/ब.सू.३	उप-कार्यकारी निर्देशक	१२	प्राविधिक	-	-	१
प्र.११/ब.सू.४	निर्देशक	११	प्रशासन	लेखा	-	१
प्र.११/ब.सू.५	निर्देशक	११	प्रशासन	विविध	-	१
प्रा.११/ब.सू.७	निर्देशक	११	प्राविधिक	-	-	३
प्र.१०/ब.सू.९	सह निर्देशक	१०	प्रशासन	प्रशासन	-	१
प्र.१०/ब.सू.१०	सह निर्देशक	१०	प्रशासन	कानून	-	१
प्र.१०/ब.सू.१२	सह निर्देशक	१०	प्रशासन	लेखा	-	१
प्रा.१०/ब.सू.१४	प्रबन्धक	१०	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	२
प्रा.१०/ब.सू.१६	प्रबन्धक	१०	प्राविधिक	मेकानिकल	-	१
प्रा.१०/ब.सू.१८	प्रबन्धक	१०	प्राविधिक	सिभिल	सिभिल	१

नेपाल विद्युत प्राधिकरण स्थापित:२०४२ ESTD.1985 NEPAL ELECTRICITY AUTHORITY

बढुवा सूचना नं. २०८३/८४	पद	तह	सेवा	समूह	उपसमूह	पद संख्या
प्रा.१०/ब.सू.१९	प्रबन्धक	१०	प्राविधिक	सिभिल	सर्भे	१
प्र.९/ब.सू.२३	उप निर्देशक	९	प्रशासन	लेखा	-	१
प्रा.९/ब.सू.२६	उप प्रबन्धक	९	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	२
प्र.८/ब.सू.२९	सहायक निर्देशक	८	प्रशासन	लेखा	लेखा	३
प्र.८/ब.सू.३१	वरिष्ठ चार्टर्ड एकाउन्टेण्ड	८	प्रशासन	लेखा	चार्टर्ड एकाउन्टेन्सी	१
प्र.८/ब.सू.३२	सहायक निर्देशक	८	प्रशासन	विविध	समाजशास्त्र	१
प्रा.८/ब.सू.३४	सहायक प्रबन्धक	८	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	५
प्रा.८/ब.सू.३६	सहायक प्रबन्धक	८	प्राविधिक	सिभिल	सिभिल	२
प्रा.८/ब.सू.३८	सहायक प्रबन्धक	८	प्राविधिक	कम्प्यूटर इञ्जिनियरिङ्ग	-	१
प्र.७/ब.सू.४१	कम्प्यूटर अधिकृत	७	प्रशासन	प्रशासन	कम्प्यूटर अप्रेसन	२
प्र.७/ब.सू.४३	लेखा अधिकृत	७	प्रशासन	लेखा	लेखा	१
प्रा.७/ब.सू.४५	इञ्जिनियर	७	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	६
प्रा.७/ब.सू.४७	इञ्जिनियर	७	प्राविधिक	सिभिल	सिभिल	१
प्र.६/ब.सू.४९	सहायक प्रशासकीय अधिकृत	६	प्रशासन	प्रशासन	प्रशासन	४
प्र.६/ब.सू.५१	सहायक लेखा अधिकृत	६	प्रशासन	लेखा	लेखा	९
प्रा.६/ब.सू.५३	सहायक इञ्जिनियर	६	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	६
प्रा.६/ब.सू.५५	सहायक इञ्जिनियर	६	प्राविधिक	मेकानिकल	-	१
प्रा.६/ब.सू.५७	सहायक इञ्जिनियर	६	प्राविधिक	सिभिल	सिभिल	२
प्र.५/ब.सू.५९	मिटररिडिङ्ग सुपरभाईजर	५	प्रशासन	प्रशासन	प्रशासन	५
प्र.५/ब.सू.६१	लेखापाल	५	प्रशासन	लेखा	लेखा	५
प्रा.५/ब.सू.६३	सुपरभाइजर	५	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	१६
प्रा.५/ब.सू.६६	सुपरभाइजर	५	प्राविधिक	मेकानिकल		१
प्रा.५/ब.सू.६९	सिनियर हेभी इक्विपमेन्ट अपरेटर	५	प्राविधिक	विविध	सवारी चालक	१
प्र.४/ब.सू.७१	सिनियर मिटररिडर	४	प्रशासन	प्रशासन	प्रशासन	१८
प्र.४/ब.सू.७३	सहायक लेखापाल	४	प्रशासन	लेखा	लेखा	१
प्रा.४/ब.सू.७५	फोरमेन	४	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	७२
प्रा.४/ब.सू.७७	फोरमेन	४	प्राविधिक	मेकानिकल	-	५
प्रा.४/ब.सू.७९	फोरमेन	४	प्राविधिक	सिभिल	सिभिल	१
प्रा.४/ब.सू.८१	फोरमेन ड्राईभर	४	प्राविधिक	विविध	सवारी चालक	३
प्र.३/ब.सू.८३	मिटररिडर	३	प्रशासन	प्रशासन	प्रशासन	६
प्रा.३/ब.सू.८५.	इलेक्ट्रिसियन	३	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	१२५

१. उपर्युक्त सूचनाको विस्तृत विवरण नेपाल विद्युत प्राधिकरणको वेवसाइट www.nea.org.np मा हेर्न सकिनेछ। विद्युतीय प्रणालीमार्फत बढुवाको आवेदन बुझाउने प्रक्रिया नेपाल विद्युत प्राधिकरणको मानव संशाधन सूचना प्रणाली hris.nea.org.np मा Log In गरे पश्चात् प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिनेछ।

नेपाल विद्युत प्राधिकरण स्थापित:२०४२ ESTD.1985 NEPAL ELECTRICITY AUTHORITY

आवेदन दस्तुर: तह २ को लागि रु.५००।-, तह ३ को लागि रुः ६००।-, तह ४ को लागि रुः ७००।-, तह ५ को लागि रु. ८००।-, तह ६ को लागि रु. १०००।-, तह ७ को लागि रु. १२००।-, तह ८ को लागि रु. १४००।, तह ९ को लागि रु. १६००।-, तह १० को लागि रु. २०००।-, तह ११ को लागि रुः २५००।- र तह १२ को लागि रुः ३,०००।- लाग्नेछ। बढुवा आवेदन फाराम भरिसकेपछि उपलब्ध Payment Platform बाट उल्लेखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

२. सूचना प्रकाशन भएको मितिले ३०औं दिन (२०८३/०८/१९ गते) रातको १२:०० बजेसम्म आवेदन पेश गर्न सकिनेछ।

३. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक सबै कागजातहरु स्पष्ट, द्विविधा रहित र छानविन गर्न सकिने हुनुपर्नेछ। HRIS मा भएका शैक्षिक उपाधि बाहेक थप शैक्षिक उपाधिहरु प्राप्त गरेको भएमा hris@nea.org.np मा ईमेल गरी केन्द्रीय कर्मचारी प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

४. आवेदन फाराममा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु र विवरण संलग्न नगर्ने उम्मेदवारहरुको प्राप्त कागजातका आधारमा मुल्यांकन गरिनेछ।

५. अनलाइन प्रणालीबाट दरखास्त दस्तुर बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा दरखास्त दस्तुर सहित दरखास्त पेश गरि सक्नुपर्नेछ।

६. विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि प्राप्त गरेका कर्मचारीहरुको हकमा सम्बन्धित निकायबाट व्यक्तिगत रूपमा जारी गरिएको समकक्षताको प्रमाणपत्र वा सो प्रमाणपत्र प्राप्तिका लागि प्रक्रिया अघि बढाएको प्रमाण पेश गर्नुपर्नेछ।

७. स्वदेशी शिक्षण संस्थाबाट प्राप्त शैक्षिक उपाधिको विषय सम्बन्धित पदका लागि तोकिएको योग्यतासँग सम्बन्धित भएको कुरा प्रमाणपत्रबाट स्पष्ट नखुलेमा सम्बन्धित निकायबाट जारी भएको सम्बन्धता पत्रको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

८. बढुवा सिफारिस गर्न कुनै कारणले बाधा परेको अवस्थामा बाहेक सामान्यतया तह १२ देखि क्रमशः तल्लो तहका पदहरुको बढुवा सूचना नम्बर अनुसार बढुवा सिफारिस गरिनेछ। तर समान पदको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनतर्फ रिक्त भएको अवस्थामा पहिले जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सिफारिस गरे पछी सोही पदको कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको सिफारिस गरिनेछ।

९. बढुवा सिफारिस भएका उम्मेदवारहरुलाई सामान्यतया दरबन्दी रिक्त रहेका काठमाडौं उपत्यका र शहरी क्षेत्र बाहेकका अन्य कार्यालयमा पदस्थापना गर्न प्राथमिकता दिइनेछ।

१०. थप जानकारीको लागि फोन नं. ०१-४१५३०४८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

०८३/०६/१९

सदस्य सचिव
पदपूर्ति समिति

नेपाल विद्युत प्राधिकरण

प्रधान कार्यालय, कालीमाटी

खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८३।०७।२० गते)

नेपाल विद्युत प्राधिकरणका देहायका पदहरु लोक सेवा आयोगद्वारा लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त आह्वान गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका व्यक्तिहरुले नेपाल विद्युत प्राधिकरण, पदपूर्ति विभागको https://career.nea.org.np प्रणाली मार्फत आवेदन दिन सक्नेछन्। तर नेपाल विद्युत प्राधिकरणमा कार्यरत स्थायी कर्मचारीहरुले https://hris.nea.org.np मार्फत आवेदन दिनुपर्नेछ।

१) अधिकृतस्तरः

विज्ञापन नं.	पद	तह	सेवा	समूह	उपसमूह	पद संख्या	खुला / समावेशी	आवश्यक न्यूनतम शैक्षिक योग्यता
२०८३/८४ प्र.१०/१२२	प्रबन्धक	१०	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	१	दलित-१	इलेक्ट्रिकल वा इलेक्ट्रोनिक्स इन्जिनियरिङमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा दश वर्षको कार्यानुभव।
२०८३/८४ प्र.८/१२३	सहायक निर्देशक	८	प्रशासन	लेखा	लेखा	१	खुला-१	बाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्यानुभव।
२०८३/८४ प्र.८/१२४	बरिष्ठ चार्टर्ड एकाउन्टेन्ट	८	प्रशासन	लेखा	चार्टर्ड एकाउन्टेन्सी	१	आ.ज.-१	सि.ए. उत्तीर्ण गरी नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्यानुभव।
२०८३/८४ प्रा.८/१२५	सहायक प्रबन्धक	८	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	३	खुला-२ आ.ज.-१	इलेक्ट्रिकल इन्जिनियरिङमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्यानुभव।
२०८३/८४ प्रा.८/१२६	सहायक प्रबन्धक	८	प्राविधिक	कम्प्यूटर ईन्जिनियरिङ्ग		१	महिला-१ (पुनः प्रकाशन)	कम्प्युटर इन्जिनियरिङमा स्नातकोत्तर तह उत्तीर्ण र नेपाल सरकार वा संगठित संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको कार्यानुभव।
२०८३/८४ प्र.७/१२७	प्रशासकीय अधिकृत	७	प्रशासन	प्रशासन	प्रशासन	७	खुला-४ महिला-१ मधेशी-१ अपाङ्ग-१	स्नातकोत्तर तह उत्तीर्ण।
२०८३/८४ प्र.७/१२८	कानून अधिकृत	७	प्रशासन	प्रशासन	कानून	१	मधेशी-१	कानूनमा स्नातकोत्तर तह उत्तीर्ण।

विज्ञापन नं.	पद	तह	सेवा	समूह	उपसमूह	पद संख्या	खुला / समावेशी	आवश्यक न्यूनतम शैक्षिक योग्यता
२०८३/८४ प्र.७/१२९	लेखा अधिकृत	७	प्रशासन	लेखा	लेखा	६	खुला-३ महिला-१ मधेसी-१ अपाङ्ग-१	वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण।
२०८३/८४ प्र.७/१३०	चार्टर्ड एकाउन्टेन्ट	७	प्रशासन	लेखा	चार्टर्ड एकाउन्टेन्सी	२	खुला-१ महिला-१	सि.ए. उत्तीर्ण।
२०८३/८४ प्रा.७/१३१	इञ्जिनियर	७	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रिकल	४२	खुला-२२ महिला-५ आ.ज.-५ मधेसी-४ दलित-१ अपाङ्ग-४ (पुनः प्रकाशन-३ पि.क्षे.-१	इलेक्ट्रिकल ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण।
२०८३/८४ प्रा.७/१३२	इञ्जिनियर	७	प्राविधिक	इलेक्ट्रिकल	इलेक्ट्रोनिक्स	३	खुला-२ दलित-१	इलेक्ट्रोनिक्स ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण।
२०८३/८४ प्रा.७/१३३	इञ्जिनियर	७	प्राविधिक	मेकानिकल	-	४	खुला-३ मधेशी-१	मेकानिकल ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण।
२०८३/८४ प्रा.७/१३४	इञ्जिनियर	७	प्राविधिक	सिभिल	सिभिल	५	खुला-३ महिला-१ पि.क्षे-१	सिभिल ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण।
२०८३/८४ प्रा.७/१३५	सर्भे इञ्जिनियर	७	प्राविधिक	सिभिल	सर्भे	१	खुला-१	सर्भे वा जियोम्याटिक्स ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण।
२०८३/८४ प्रा.७/१३६	इञ्जिनियर	७	प्राविधिक	कम्प्युटर इञ्जिनियरिङ्ग	-	४	खुला-२ आ.ज.-१ मधेशी-१	कम्प्युटर ईन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण।
२०८३/८४ प्रा.७/१३७	वातावरणविद्	७	प्राविधिक	विविध	वातावरण	१	खुला-१	वातावरण वा पर्यावरण वा वनविज्ञान वा जीवविज्ञान वा प्राणीविज्ञानमा स्नातकोत्तर तह उत्तीर्ण।
२०८३/८४ प्रा.७/१३८	जियोलजिष्ट	७	प्राविधिक	विविध	जियोलजी	१	मधेशी-१	जियोलजी वा जियोफिजिक्समा स्नातकोत्तर तह उत्तीर्ण।

२। सहायकस्तर

क। पदः मिटररिडिङ्ग सुपरभाईजर तहः ५ सेवाः प्रशासन समूहः प्रशासन उपसमूहः प्रशासन

विज्ञापन नं.	प्रदेश	पद संख्या	खुला	महिला	आ.ज.	मधेसी	दलित	अपाङ्ग	पि.क्षे.	आवश्यक न्यूनतम शैक्षिक योग्यता
२०८३/८४ प्र.५/१०१	कोशी	७	४	१	१	-	१	-	-	प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण र लोक सेवा आयोगबाट लिएको संगठित संस्थाको पाँचौ तहको पूर्व योग्यता परीक्षा उत्तीर्ण प्रमाणपत्र
२०८३/८४ प्र.५/३०१	बागमती	१३	७	२	२	१	-	-	१	
२०८३/८४ प्र.५/५०१	लुम्बिनी	११	६	१	२	१	१	-	-	

नेपाल विद्युत प्राधिकरण
स्थापित: २०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD.1985

ख) पदः लेखापाल तहः ५ सेवाः प्रशासन समूहः लेखा उपसमूहः लेखा

विज्ञापन नं	प्रदेश	पद संख्या	खुला	महिला	आ.ज.	मधेसी	दलित	अपाङ्ग	पि.क्षे.	आवश्यक न्यूनतम शैक्षिक योग्यता
२०८३/८४ प्र.५/१०२	कोशी	१०	५	२	२	१	-	-	-	वाणिज्यशास्त्र वा व्यापार प्रशासन लिई प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण र लोक सेवा आयोगबाट लिएको संगठित संस्थाको पाँचौ तहको पूर्व योग्यता परीक्षा उत्तीर्ण प्रमाणपत्र
२०८३/८४ प्र.५/२०२	मधेश	७	३	१	१ (पूनः प्रकाशन)	१	१	-		
२०८३/८४ प्र.५/३०२	बागमती	१०	६	१	१	१	-	-	१	
२०८३/८४ प्र.५/५०२	लुम्बिनी	७	४	१	१	१	-	-	-	

ग) पदः सुपरभाईजर तहः ५ सेवाः प्राविधिक समूहः इलेक्ट्रिकल उपसमूहः इलेक्ट्रिकल

विज्ञापन नं	प्रदेश	पद संख्या	खुला	महिला	आ.ज.	मधेसी	दलित	अपाङ्ग	पि.क्षे.	आवश्यक न्यूनतम शैक्षिक योग्यता
२०८३/८४ प्रा.५/१०३	कोशी	५७	८	२० (पुनः प्रकाशन-१८)	१३ (पुनः प्रकाशन-११)	५ (पुनः प्रकाशन-३)	६ (पुनः प्रकाशन-५)	४ (पुनः प्रकाशन)	१ (पुनः प्रकाशन)	इलेक्ट्रिकल इञ्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा तह तीनको सीप परीक्षण उत्तीर्ण।
२०८३/८४ प्रा.५/२०३	मधेश	२५	-	११ (पुनः प्रकाशन)	८ (पुनः प्रकाशन)	-	३ (पुनः प्रकाशन)	२ (पुनः प्रकाशन)	१ (पुनः प्रकाशन)	
२०८३/८४ प्रा.५/३०३	बागमती	३०	८	१४ (पुनः प्रकाशन-११)	३ (पुनः प्रकाशन-२)	२	-	२ (पुनःप्रकाशन)	१	
२०८३/८४ प्रा.५/४०३	गण्डकी	३०	६	११ (पुनः प्रकाशन-१०)	८ (पुनः प्रकाशन-६)	१	२ (पुनः प्रकाशन)	२ (पुनःप्रकाशन)	-	
२०८३/८४ प्रा.५/५०३	लुम्बिनी	४४	१२	१२ (पुनः प्रकाशन-१०)	९ (पुनः प्रकाशन-६)	२	४ (पुनः प्रकाशन)	३ (पुनः प्रकाशन-२)	२ (पुनः प्रकाशन-१)	
२०८३/८४ प्रा.५/६०३	कर्णाली	२५	८	११ (पुनः प्रकाशन-९)	३ (पुनः प्रकाशन-२)	२	-	१	-	
२०८३/८४ प्रा.५/७०३	सुदूरपश्चिम	३५	८	१३ (पुनः प्रकाशन-११)	६ (पुनः प्रकाशन-४)	५ (पुनः प्रकाशन-३)	१ (पुनः प्रकाशन)	१ (पुनः प्रकाशन)	१	

घ) पदः सुपरभाईजर तहः ५ सेवाः प्राविधिक समूहः मेकानिकल

विज्ञापन नं	प्रदेश	पद संख्या	खुला	महिला	आ.ज.	मधेसी	दलित	अपाङ्ग	पि.क्षे.	आवश्यक न्यूनतम शैक्षिक योग्यता
२०८३/८४ प्रा.५/१०५	कोशी	२	१	-	१	-	-	-	-	मेकानिकल इञ्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा तह तीनको सीप परीक्षण उत्तीर्ण।
२०८३/८४ प्रा.५/५०५	लुम्बिनी	१	-	-	१ (पुनःप्रकाशन)	-	-	-	-	
२०८३/८४ प्रा.५/६०५	कर्णाली	१	-	-	-	-	१ (पुनः प्रकाशन)	-	-	
२०८३/८४ प्रा.५/७०५	सुदूरपश्चिम	४	१	१	२ (पुनःप्रकाशन-१)	-	-	-	-	

नेपाल विद्युत प्राधिकरण स्थापित:२०४२ NEPAL ELECTRICITY AUTHORITY ESTD.1985

ङ) पदः सुपरभाईजर तहः ५ सेवाः प्राविधिक समूहः सिभिल उपसमूहः सिभिल

विज्ञापन नं	प्रदेश	पदसंख्या	खुला	महिला	आ.ज.	मधेसी	दलित	अपाङ्ग	पि.क्षे.	आवश्यक न्यूनतम शैक्षिक योग्यता
२०८३/८४, प्रा.५/१०६	कोशी	२	१	-	१	-	-	-	-	सिभिल इञ्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्रदान गरिएको सम्बन्धित विषयमा तह तीनको सीप परीक्षण उत्तीर्ण।
२०८३/८४, प्रा.५/७०६	सुदूरपश्चिम	१	-	-	१ (पुनःप्रकाशन)	-	-	-	-	

विज्ञापन सम्वन्धी विशेष सूचना

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश वमोजिम समावेशी समूहका सम्बन्धमा आ.व. २०७९/८० मा समावेश नगरिएबाट बास्तविक रुपमा गुम्न गएका पदहरुसमेत समेटी हुन गएको क्षतिको समेत पूर्ति हुने गरी कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी पदपूर्ति गरिनेछ।

नोटः

१. परीक्षाको किसिमः लिखित, प्रस्तुतीकरण (प्रस्तुतीकरण परीक्षा हुने भनी उल्लेख भएका पदहरुको लागि) र अन्तर्वार्ता।

२. पाठ्यक्रमः प्राधिकरणको वेवसाइट www.nea.org.np मार्फत प्राप्त गर्न सकिनेछ।

३. परीक्षा दस्तुर

तह १० को लागि रु.२,०००/-, तह ८ को लागि रु.१,४००/-, तह ७ को लागि रु.१,२००/- लाग्नेछ र तह ५ को लागि रु. ८०० लाग्नेछ। कुनै उम्मेदवार एउटै पदको एक भन्दा बढी समावेशी समूहमा सहभागी हुने भएमा तह ८ देखि १० को प्रत्येक समूहको लागि थप रु.५००/-, तह ७ को प्रत्येक समूहको लागि रु.४००/- र तह ५ को प्रत्येक समुहको लागि रु.३००/- थप दस्तुर लाग्नेछ। दरखास्त आवेदन फाराम भरिसकेपछि उपलब्ध Payment Platform बाट मात्र उल्लेखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

४. उमेरः दरखास्त दिने अन्तिम मिति २०८३।०८।१० सम्ममा, अधिकृतस्तर तह ८ वा सो भन्दा माथिको पदको लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र तह ७ को पदमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। सहायकस्तर तह ५ का पदमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। तर महिला र अपाङ्गता को लागि उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। प्राधिकरणमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

५. नेपाल विद्युत प्राधिकरणमा स्थायी सेवा प्रवेश गरेको दुई वर्ष अवधि पूरा गरेको कर्मचारीले स्नातक उपाधि हासिल गरेको भए प्रशासन सेवाको प्रशासन समूहको तह ७ र वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक उपाधि हासिल गरेको कर्मचारीले लेखा समूहको तह ७ का पदहरुमा खुलातर्फ उम्मेदवार हुन पाउनेछ।

६. नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधनसहित) बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

७. तह ८, ९ र १० का पदमा उम्मेदवार हुन निम्नानुसारको कार्य अनुभव हुनुपर्नेछः

देहाय बमोजिमको निकायमा रही सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो कार्यानुभवलाई मान्यता दिइनेछः

(क) निजामती तथा अन्य सरकारी निकाय,
(ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था,
(ग) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,
(घ) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय,
(ङ) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय,
(च) अन्तर सरकारी, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु,
(छ) विश्वविद्यालयका आङ्गिक क्याम्पस,
(ज) सामुदायिक विद्यालय।

- माथि उल्लेख भए बाहेकको अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रकृया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको एकिन हुने अनुभवलाई मात्र अनुभव दिइनेछ।

नेपाल विद्युत प्राधिकरण स्थापित:२०४२ ESTD.1985 NEPAL ELECTRICITY AUTHORITY

- कार्यअनुभव आवश्यक पर्ने पदहरुको लागि नेपाल विद्युत प्राधिकरणको वेबसाइट nea.org.np मा रहेको सेवा विवरण सम्बन्धी फाराम भरी सम्बन्धित कार्यालयबाट सेवा अवधि प्रमाणित गराई पेश गर्नु पर्नेछ।
- कुनै एक सरकारी कार्यालय वा सार्वजनिक संस्थामा कार्यरत रहेकै अवधिभित्र अन्य संस्थामा कार्य गरेको कार्य अनुभवलाई मान्यता दिइनेछैन।
- एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।
- प्रति हप्ता ४० घण्टाभन्दा कम समय काम गरेको अनुभव (आंशिक रुपमा काम गरेको) लाई मान्यता दिइनेछैन।
- ६ महिना भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।
- नियुक्तिपत्र वा करारनामामा नै आंशिक रुपमा (पार्ट टाईम) काम गर्ने उल्लेख भएकोमा सो कार्यानुभवलाई मान्यता दिइने छैन।
- सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मूकायम वा निमित्त भई सेवा गरेको अवधिलाई अधिकृतस्तरको अनुभव मानिने छैन।
- तह १० र तह ८ को जुन सेवा, समूह र उपसमूहको पदमा आवेदन गर्ने हो, सो सेवा, समूह र उपसमूहसँग सम्बन्धित बिषयमा स्नातक तह उत्तीर्ण गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ।

८. **दरखास्त दिने अन्तिम मितिः** २०८३।०८।१० सम्म र दोब्बर दस्तुर तिरी २०८३।०८।१७ सम्म रहने छ।

९. अनुभव आवश्यक पर्ने उम्मेदवारको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा तोकिएको न्यूनतम कार्यअनुभवको अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यअनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।

१०. **तलब, सुविधा र सेवा शर्तः** नेपाल विद्युत प्राधिकरणको नियमानुसार।

११. **कार्य गर्नुपर्ने स्थानः** नेपाल राज्यभर। कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधनसहित) अनुसार प्रादेशिकस्तरको विज्ञापनबाट छनौट भई नियुक्त हुने कर्मचारीलाई ७ (सात) वर्षसम्म सो क्षेत्र भित्रका कार्यालय वाहेक अन्यत्र सरुवा गरिने छैन। तर महिला र अपाङ्गता भएका कर्मचारीको हकमा ५ (पाँच) वर्ष पुरा भएपछि अन्य प्रदेश अन्तर्गतका कार्यालयमा सरुवा गर्न सकिनेछ।

१२. **पदले गर्नु पर्ने कामः** सम्बन्धित सेवा, समुह र उपसमुहले गर्नुपर्ने कार्यहरु।

१३. **परीक्षणकालको अवधिः** १ वर्ष तर महिलाको हकमा ६ महिना मात्र।

१४. सहायकस्तरका पदको लिखित परीक्षा लोक सेवा आयोगबाट तोकेबमोजिम सम्बन्धित प्रादेशिक क्षेत्रमा हुनेछ र एउटा पदको सबै प्रदेशको लिखित परीक्षा एकै दिन पनि सञ्चालन हुन सक्नेछ।

१५. लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगसँग समन्वय गरी पछि प्रकाशित गरिनेछ।

१६. विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन।

१७. समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुले निम्न बमोजिमका कागजातहरुसमेत अनिवार्य रुपमा दरखास्तसाथ अपलोड गरी पेश गर्नु पर्नेछः

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रीय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गरिदिएको प्रमाणपत्र।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सुचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्र।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि वा नेपाल सरकारको निर्णयानुसार सम्बन्धित वडा कार्यालयबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि।

(घ) अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा (४) को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्रको आधारमा।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा

नेपाल विद्युत प्राधिकरण स्थापित:२०४२ ESTD.1986 NEPAL ELECTRICITY AUTHORITY

स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडिसम्मको सिफारिस पत्रको प्रतिलिपि।

१८. अनलाइन प्रणालीबाट दरखास्त दस्तुर बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा दरखास्त दस्तुर सहित दरखास्त पेश गरि सक्नुपर्नेछ।

१९. **अनलाइन प्रणालीबाट दरखास्त दिंदा ध्यान दिनुपर्ने कुराहरु:**

(क) **अपलोड गर्नुपर्ने कागजातहरू:** उम्मेदवारले अनलाइन दरखास्त दिँदा हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो, दस्तखत र नेपाली नागरिकताको प्रमाणपत्र JPG Format मा तथा देहायका कागजातहरू PDF Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछः

- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र,
- तालिम तथा अनुभवका प्रमाणपत्र (सम्बन्धित पदका लागि आवश्यक भएमा),
- समावेशी समूहबाट आवेदन दिने उम्मेदवारको हकमा सम्बन्धित समावेशी प्रमाणपत्र,
- विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि प्राप्त गरेका उम्मेदवारको हकमा सम्बन्धित निकायबाट व्यक्तिगत रूपमा जारी गरिएको समकक्षताको प्रमाणपत्र,
- अधिकृतस्तरका कानून अधिकृत, चार्टर्ड एकाउन्टेन्ट तथा इन्जिनियर (इलेक्ट्रिकल, मेकानिकल, सिभिल, सर्भे, कम्प्युटर आदि) जस्ता पदका लागि सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्र,
- सम्बन्धित विज्ञापनमा तोकिएका अन्य आवश्यक कागजातहरू।

उपर्युक्त कागजातहरू दरखास्त दिने अन्तिम मितिसम्म जारी भइसकेको हुनुपर्नेछ। दरखास्तमा उल्लेख गरिएका विवरण तथा अपलोड गरिएका कागजातका सम्बन्धमा उम्मेदवार स्वयं जिम्मेवार हुनेछ।

(ख) **शैक्षिक योग्यताको सम्बन्धता:** स्वदेशी शिक्षण संस्थाबाट प्राप्त शैक्षिक उपाधिको विषय सम्बन्धित पदका लागि तोकिएको योग्यतासँग सम्बन्धित भएको कुरा प्रमाणपत्रबाट स्पष्ट नखुलेमा सम्बन्धित निकायबाट जारी भएको सम्बन्धता पत्रको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

(ग) अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धमा कुनै समस्या भएमा निम्न नम्बरमा सम्पर्क गर्न सकिनेछ।

- प्राविधिक सहयोगको लागि ९८४९४४३८५४ मा Viber वा Whatsapp र viber (text only) मार्फत गर्न सक्नु हुनेछ।
- थप जानकारीको लागि फोन नं. ०१-४१५३०४८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

२०. उम्मेदवारहरुले आवेदन गर्दा आफ्नो मोबाइल नं. र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको दरखास्त/आवेदन फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण आवेदको मोबाइल/इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर वा इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जवाफदेही उम्मेदवार हुनेछ।

२१. यस बिज्ञापनसँग सम्बन्धित पदपूर्ति सम्बन्धी सम्पूर्ण सूचनाहरु अब उप्रान्त प्राधिकरणको वेवसाइट nea.org.np मा मात्र उपलब्ध हुने भएकोले सोही अनुसार अद्यावधिक हुन सूचित गरिन्छ।

२०८३-०७-१९

सदस्य सचिव
पदपूर्ति समिति